# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## प्रस्ताव आह्वानको सूचना

*(पहिलो पटक प्रकाशित मिति २०८३/०१/३१)*

यस राजपुर गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार हाम्रो राजपुर स्थानीय पाठ्यक्रम परिमार्जन गर्नुपर्ने कार्यको लागि सेवा प्रदायक मार्फत गराउनु पर्ने भएकाले स्वीकृत कार्यक्षेत्रगत शर्त (TOR) बमोजिमका कार्यहरू सम्पन्न गरी पेश गर्न चाहने इच्छुक पेशागत दक्षता तथा अनुभव भएका प्रचलित कानुन बमोजिम दर्ता भई योग्यता पुगेका, नियमानुसार कर चुक्ता भएका र कारवाही नपरेका सेवा प्रदायक संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र संस्थाको प्रोफाइल र TOR तथा स्वीकृत प्रस्तावनामा उल्लिखित कागजहरु संलग्न राखी प्रस्ताव शिलबन्दी गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। स्वीकृत कार्यशर्त यस गाउँपालिकाको वेवसाइट rajpurmundang.gov.np बाट प्राप्त गर्न सकिनेछ।

तपसिल

| क स | कार्यक्रमको नाम | स्वीकृत लागत अनुमान | कैफियत |
|---|---|---|---|
| ०१ | स्थानीय पाठ्यक्रम परिमार्जन | ४९९४१६। | भ्याट सहित |

शर्तहरु:

१. यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनभित्र नविकरण भएको इजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र गत आ.व. को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु सहित प्रस्ताव खाममा राखी सिलबन्दी गरी प्रस्ताव पेश गरेको कार्यक्रमको नाम र प्रस्तावदाताको नाम ठेगाना समेतको विवरण उल्लेख गरी सेवाप्रदायक वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालय समय भित्र पेश गर्नु पर्नेछ ।

२. पेश भई दर्ता भएका प्रस्तावहरु ७ औं दिनको ५:०० बजे प्रस्तावदाता वा निजको अधिकृत प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । तर प्रस्तावदाता वा निजको अधिकृत प्रतिनिधि उपस्थित नभएको कारणले प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

३. प्रस्ताव बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा तोकिएको समयमा हुनेछ ।

४. सम्पन्न गर्नुपर्ने काम गाउँपालिकाको कार्यालयबाट स्वीकृत कार्य क्षेत्रगत शर्त बमोजिम हुनेछ ।

राजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गंगदी देउखुरी, दाङ लुम्बिनी प्रदेश, नेपाल

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

५. कार्य सम्पन्न गर्ने समयका सम्बन्धमा कार्यक्षेत्रगत शर्तमा उल्लेख भए बमोजिम हुने छ ।

६. प्रस्तावमा भ्याट सहितको जम्मा रकम अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७. नियमानुसार लाग्ने सम्पूर्ण करहरू सेवा प्रदायकले व्यहोर्नु पर्नेछ ।

८. सेवाप्रदायकले सरोकारवालासंगको अन्तिम छलफलबाट प्राप्त सुझाव समेत समेटेर स्वीकृत कार्यक्षेत्रगत शर्तमा उल्लेखित कार्य पूरा गरी अन्तिम प्रतिवेदनको Softcopy र Hardcopy पेश गरेपछि भुक्तानी दिइने छ ।

९. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा प्रस्तावको हरेक पृष्ठ र पेश गरिएका प्रत्येक कागजातमा सहीछाप गरेको र रजिष्ट्रेशन फर्मको छाप लागेको हुनु पर्नेछ । साथै कालो सूचीमा नपरेको स्वयंले घोषणा गरेको पत्र प्रस्तावसाथ अनिवार्य पेश गर्नु पर्नेछ । प्रस्तावदाताले स्वीकृत प्रस्ताव कार्यालयको website बाट डाउनलोड गर्नु पर्नेछ ।

१०. प्रस्ताव सम्बन्धी अन्य जानकारीको लागि कार्यालयय समयभित्र बुझ्न सकिनेछ ।

११. म्याद नाघी आएको तथा रीत नपुगेको प्रस्तावमा कुनै कारवाही हुने छैन ।

१२. अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

१३. यो सूचना र कार्यशर्त राजपुर गाउँपालिकाको वेवसाइट rajpurmundang.gov.np मा हेर्न सकिनेछ ।

राजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गंगदी देउखुरी, दाङ लुम्बिनी प्रदेश, नेपाल

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

## स्थानीय पाठ्यक्रम परिमार्जन सम्बन्धी प्रस्तावना

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
राजपुर गाउँपालिका गंगदी दाङ

विषयः स्थानीय पाठ्यक्रम परिमार्जन कार्यका लागि सेवा परामर्श प्रस्ताव पेश गरिएको सम्बन्धमा।

महोदय,

तपाईंहरूको मिति .......... मा प्रकाशित सूचना बमोजिम स्थानीय पाठ्यक्रम परिमार्जन कार्य सम्पन्न गर्नका लागि हाम्रो संस्था/फर्मको तर्फबाट यो प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गरिएको छ। साथै शिक्षा, पाठ्यक्रम विकास, स्थानीय विषयवस्तु अध्ययन तथा शैक्षिक सामग्री निर्माण क्षेत्रमा अनुभवी जनशक्ति उपलब्ध रहेको जानकारी गराउँदै तोकिएको कार्य निर्धारित समयभित्र गुणस्तरीय रूपमा सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

धन्यवाद।

प्रस्तावक संस्था/फर्म
आधिकारिक नामः ......................
पदः ......................
संस्था/फर्मः ......................
ठेगानाः ......................
सम्पर्क नं.: ......................
ईमेलः ......................
हस्ताक्षरः ......................

राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगादी देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

## स्थानीय पाठ्यक्रम परिमार्जन प्रस्तावनामा समेटिनुपर्ने विषय ढाँचा

१. संस्थाको संक्षिप्त परिचय

- संस्थाको नाम
- स्थापना वर्ष
- दर्ता नं.
- स्थायी लेखा नं. (PAN/VAT)
- कार्यालय ठेगाना
- मुख्य कार्यक्षेत्र
- अनुभव

२. कार्य योजना (**Work Schedule**)

३.जनशक्ति व्यवस्थापन

४. आर्थिक प्रस्ताव (**Financial Proposal**)

(कर/भ्याट सहित उल्लेख गर्ने)

५. संलग्न कागजातहरू

-संस्था दर्ता प्रमाणपत्र

-PAN/VAT

-कर चुक्ता प्रमाणपत्र

-अनुभव प्रमाणपत्र

-विज्ञहरूको CV

-स्वघोषणा पत्र

(कार्यशर्त बमोजिम हुने गरी)

**राजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**
**राजपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल**

**स्थानीय पाठ्यक्रम परिमार्जन र लेखनका लागि कार्य शर्त (Terms of Reference - ToR)**

**१. पृष्ठभूमि (Background)**

संवैधानिक व्यवस्था अनुसार, राष्ट्रिय पाठ्यक्रमलाई पूरक बनाउन स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारहरूलाई सुम्पिएको छ । राजपुर गाउँपालिकाको स्थानीय ज्ञान, विशिष्ट संस्कृति, समुदाय, वातावरण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन र जीवनोपयोगी सीपहरूलाई पाठ्यक्रममा स्पष्ट रूपमा समेट्न आवश्यक देखिएको छ । स्थानीय तहले लागू गरेको पाठ्यक्रम अनुसार गुणस्तरीय पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री तयार गरी विद्यार्थीलाई आफ्नो भूगोल, इतिहास र सामाजिक–आर्थिक अवस्थाबारे व्यवहारिक ज्ञान प्रदान गर्नु यस कार्यको मुख्य उद्देश्य हो । हाल अभ्यासमा रहेको स्थानीय पाठ्यक्रम दायराका हिसाबले सीमित छ र त्यसले स्थानीय ज्ञान, संस्कृति र समुदाय–विशिष्ट यथार्थहरूलाई पूर्ण रूपमा समेट्न सकेको छैन । यसका साथै, वातावरण शिक्षा, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, सफ्ट स्किल्स र जीवनोपयोगी सीपहरू जस्ता उदीयमान तथा अत्यावश्यक विषयहरूको पर्याप्त समायोजनको कमी देखिएको छ । तसर्थ पाठ्यक्रम परिमार्जन आवश्यक देखिएको हो ।

**२. उद्देश्य (Objectives)**

- राजपुर गाउँपालिकाको स्वीकृत स्थानीय पाठ्यक्रमलाई लेखन सम्पन्न भइसकेका कक्षा १ देखि ८ सम्मका पाठ्यपुस्तकअनुसार परिमार्जन गर्ने ।
- विद्यार्थीलाई स्थानीय ज्ञान, सीप र सन्दर्भ सम्बन्धी विषयवस्तु सरल र बोधगम्य तरिकाले बुझाउने ।
- शिक्षक र विद्यार्थीका लागि पाठ्यक्रमलाई शिक्षण–सिकाइ प्रक्रियामा उपयोगी र व्यवहारमैत्री बनाउने।
- राष्ट्रिय पाठ्यक्रम प्रारूप र स्थानीय पाठ्यक्रमको समीक्षा गर्ने ।
- विद्यमान पाठ्यक्रमका विषयवस्तु, कमीकमजोरी र सुधारका क्षेत्रहरूमा सुझाव सङ्कलन गर्न शिक्षा समिति, नगरपालिकाका अधिकारी, शिक्षक र स्थानीय विज्ञहरू लगायत प्रमुख सरोकारवालाहरूसँग समन्वय गर्ने ।
- बहुआयामिक र उदीयमान विषयवस्तुहरू समावेश गरी स्थानीय पाठ्यक्रम परिमार्जन र समृद्ध बनाउने ।
- शिक्षण सिकाइ रणनीति, सन्दर्भ सामग्री र शिक्षक सहयोग सामग्री लगायत पाठ्यक्रम कार्यान्वयन निर्देशिका विकास वा अद्यावधिक गर्ने ।

**३. कार्य दायरा (Scope of Work)**

परामर्शदाता वा लेखक समूहले देहाय बमोजिमका कार्यहरू सम्पादन गर्नुपर्नेछ:

१. मौजुदा स्थानीय पाठ्यक्रमको समग्र अध्ययन, समीक्षा र आवश्यकता अनुसार परिमार्जन गर्ने ।

२. राजपुर गाउँपालिकाका सबै वडाहरूको भ्रमण गरी स्थानीय भूगोल, इतिहास, संस्कृति र सामाजिक आर्थिक तथ्याङ्कहरू सङ्कलन गर्ने ।

३. स्थानीय समुदाय, जनप्रतिनिधि र शिक्षकहरूसँग आवश्यक परामर्श गरी सुझाव सङ्कलन गर्ने ।

४. पाठ्यक्रमलाई नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र (CDC) ले तोकेको मापदण्ड (अक्षर साइज, रङ, चित्र र पेज संख्या) अनुसार तयार गर्ने ।

५. अन्तिम प्रतिलिपि प्रकाशनयोग्य ढाँचामा पेस गर्ने ।

**४. अपेक्षित परिणाम (Deliverables)**

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

कार्य सम्पन्न भएपश्चात् परामर्शदाताले देहायका सामग्रीहरू बुझाउनुपर्नेछ:

- कक्षा १ देखि ८ सम्मको पाठ्यक्रमको परिमार्जित प्रारम्भिक ड्राफ्ट ।
- सरोकारवालाको सुझाव समेटेर सम्पादन गरिएको अन्तिम प्रकाशनयोग्य प्रति ।

**५. कार्य अवधि (Duration)**

सम्झौता भएको मितिले ४५ **दिन**भित्रमा सम्पूर्ण कार्य सम्पन्न गरी अन्तिम प्रतिवेदन तथा पाठ्यक्रम पेस गर्नुपर्नेछ।

**६. आवश्यक योग्यता (Qualifications & Expertise)**

कार्य दल वा परामर्शदातामा देहायका योग्यताहरू हुनु अनिवार्य छ:

१. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन तथा परिमार्जन कार्यमा कम्तिमा ५ (पाँच) ओटा स्थानीय तहमा कार्य गरेको कार्य अनुभव भएको ।

२. राजपुर वा सम्बन्धित क्षेत्रको ऐतिहासिक, भौगोलिक र सांस्कृतिक पक्षको ज्ञान भएको ।

३. राष्ट्रिय स्तरका पाठ्यपुस्तक लेखन वा सम्पादनमा संलग्न भएको अनुभव ।

४. विज्ञ वा लेखक समूहको शैक्षिक योग्यता कम्तीमा स्नातकोत्तर (Master's Degree) भई विश्वविद्यालय वा विद्यालय तहमा कम्तीमा ५ वर्ष अध्यापन अनुभव भएको ।

**७. कार्यनिर्देशन तथा समन्वय (Reporting & Coordination)**

- लेखन कार्य दलले राजपुर गाउँपालिकाको **शिक्षा शाखा**सँग प्रत्यक्ष समन्वयमा रही कार्य गर्नुपर्नेछ ।
- कार्य प्रगतिको बारेमा समय समयमा शिक्षा शाखालाई जानकारी गराउनुपर्नेछ ।

**८. ढाँचा र रूपरेखा (Format & Structure)**

- पाठ्यक्रममा कक्षाअनुसार विषयवस्तुको भार, स्थानीय विषय, विषयवस्तुको विस्तृतीकरण, शिक्षण सिकाइ कार्यकलाप, मूल्याङ्कन समावेश हुनुपर्नेछ।
- भाषा सरल, समावेशी र बालमैत्री हुनुपर्नेछ ।

**९. बजेट र भुक्तानी (Budget & Payment)**

- बजेटको व्यवस्था गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार हुनेछ ।
- भुक्तानी प्रक्रिया सम्झौता अनुसार किस्ताबन्दी (प्रारम्भिक मस्यौदा पेस गर्दा र अन्तिम प्रति स्वीकृत भएपछि) मा गरिनेछ ।

**१०. स्वीकृति (Acceptance)**

तयार पारिएको अन्तिम पाठ्यक्रमलाई राजपुर गाउँपालिकाको **गाउँ कार्यपालिका**बाट स्वीकृत गराएपछि मात्र कार्यान्वयनमा लगिनेछ ।

(शिक्षा अधिकृत)

**प्रमाणित गर्ने :** (प्रमुख प्रशासकीय अधिकृत)

राजपुर गाउँपालिका कार्यपालिकाको कार्यालय गंगाडी देउखुरी, दाङ लुम्बिनी प्रदेश, नेपाल

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

**राजपुर गाउँपालिका**